नलगाड नगरपालिका

# नलगाड राजपत्र

खण्ड : ३ संख्या : २ आषाढ ३०, २०७६

## भाग-१

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
सूचना

नेपालको संविधान बमोजिम नलगाड नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७६

सम्वत् २०७६ सालको ऐन नं २

**नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु ४१,५०,००,०००/–(अक्षरुपी एकचालिस करोड पचास लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त नलगाड नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची- १
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट आर्थिक वर्ष २०७६/०७७ मा विनियोजन हुने अनुमानित रकम

रु. हजारमा

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु |
|---|---|---|---|---|---|
| १. | नगर कार्यपालिका | २०९०५१ | १६७६९० | ० | ३७६७४१ |
| २. | वडा समिति | १०९५९ | ० | ० | १०९५९ |
| ३. | विषयगत शाखा | २०००० | ० | ० | २०००० |
| ४. | विभिन्न कोषहरु | ७३०० | ० | ० | ७३०० |
| ५. | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ६. | लगानी | ० | ० | ० | ० |
| | **कुल जम्मा रु** | २४७३१० | १६७६९० | ० | ४१५००० |

आज्ञाले,
सुरेन्द्र सिंह
निमित्त प्रमुख प्रशासकीय अधिकृत